नेपाल सरकार

# भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

# राष्ट्रिय सडक सुरक्षा नीति, २०८२ (मस्यौदा)

२०८२

काठमाडौं, नेपाल

## परिच्छेद १: परिचय

### १.१. पृष्ठभूमि

विश्वव्यापी सन्दर्भमा सडक दुर्घटनाका कारण मृत्यु र घाइते हुनेको संख्या उच्च रहेको साथै नेपालमा पनि सडकको घनत्व र सवारी साधनको चापका कारण हालका वर्षहरुमा दैनिक सरदर ७ जना व्यक्तिले ज्यान गुमाउने र सयौ घाइते हुने गरेको अवस्था बिद्यमान छ। दुर्घटनाको बढ्दो संख्या र यसले जनस्वास्थ्य, पर्यटन तथा आर्थिक सामाजिक अवस्था र राष्ट्रिय अर्थतन्त्रमा पुऱ्याउने गम्भीर प्रभावलाई न्यूनीकरण गर्न राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरमा विभिन्न प्रयास भईरहेका छन्। यसै सन्दर्भमा, संयुक्त राष्ट्रसंघको विश्वव्यापी सडक सुरक्षाको लागि दश वर्षिय कार्ययोजना (सन् २०२१-३०) ले सदस्य राष्ट्रहरूलाई सडक सुरक्षाका स्तम्भहरूलाई समेटी कार्ययोजना विकास गर्न र नीतिगत व्यवस्थाको तयारी गर्नुपर्ने आवश्यकता औंल्याएको छ।

#### १.१.१. विगतका प्रयास

राष्ट्रिय यातायात नीति २०५८ कार्यान्वयनबाट यातायात र सामाजिक-आर्थिक क्षेत्रका विविध आयाममा उल्लेखनीय परिवर्तन भएका छन्। यस नीतिले दीगो, भरपर्दो, कम खर्चिलो, सुरक्षित, सुविधायुक्त एवं आत्मनिर्भर यातायात प्रणालीको विकास गरी नेपालको समग्र आर्थिक, सामाजिक, सांस्कृतिक, पर्यटकीय आदि क्षेत्रको विकासमा योगदान पुऱ्याउने मूल उद्देश्य राखेको र यसका लागि आवश्यक रणनीति र कार्यनीतिको तर्जुमा गरिएको देखिन्छ। नेपाल सरकारद्वारा विश्वव्यापी ढाँचामा राष्ट्रिय सडक सुरक्षा कार्ययोजना (सन् २०१३-२०२०) तर्जुमा गरि कार्यन्वयनमा ल्याईएको थियो। तथापी स्रोत साधनको सिमितताले उक्त कार्ययोजना प्रभावकारी रुपमा कार्यन्वयन हुन नसकेको सन्दर्भलाई समेत ध्यानमा राखी सडक सुरक्षा कार्ययोजना (सन् २०२१-२०३०) तर्जुमा भई कार्यन्वयनको चरणमा रहेको छ। यस कार्ययोजनाले नेपालमा सवारी दुर्घटनाबाट हुने आर्थिक तथा मानवीय क्षतिलाई न्यूनीकरण गर्न सम्बन्धीत निकायहरूले गर्नुपर्ने कार्यहरू निर्दिष्ट गरेको छ। यसका साथै राष्ट्रिय सडक सुरक्षा सम्बन्धी विषयमा राष्ट्रियस्तरमा नेतृत्वदायी सँस्थाको आवश्यकता महसुस गरी गठन आदेशद्वारा राष्ट्रिय सडक सुरक्षा परिषद् सञ्चालनमा रहेको छ।

#### १.१.२. वर्तमान अवस्था

राष्ट्रिय यातायात नीति, २०५८, राष्ट्रिय स्वास्थ्य नीति २०७६, सवारी यातायात तथा यातायात व्यवस्था ऐन, २०४९ र सार्वजनिक सडक ऐन २०३१ को आधारमा विभिन्न निकायहरुले आफ्नो आफ्नो संस्थागत रुपमा कार्य गर्दै आईरहेको अवस्था छ।

### १.२. समस्या तथा चुनौती र नीतिको आवश्यकता

सडक पूर्वाधार तथा सवारी साधन अपेक्षित रुपमा सुरक्षित हुन नसक्नु, सडक अनुशासनको पालना नहुनु, दुर्घटना पश्चातको उद्दार र पुनःस्थापना प्रभावकारी हुन नसक्नु, स्रोत साधनको प्रयाप्त व्यवस्था नहुनु, सडक सुरक्षा सम्बन्धी अनुसन्धान तथा विकास नहुनु, एकीकृत सूचना तथ्याङ्क र सूचना प्रणालीको विकास नहुनु, वैज्ञानिक यातायात व्यवस्थापन प्रणालीको कार्यान्वयन नहुनु, जनचेतनाको कमी, सडक सुरक्षा सम्बन्धी कानूनको प्रभावकारी कार्यन्वयनको अभावमा सडक दुर्घटना न्यूनीकरण गर्ने कार्य चुनौतीको रूपमा रहेको देखिन्छ। राष्ट्रिय यातायात नीति, २०५८ मा सडक सुरक्षा

सम्बन्धी क्षेत्रगत विषयवस्तु नसमेटिएकाले समय सापेक्ष सुधारको लागि  नीतिगत व्यवस्था आवश्यक रहेको देखिन्छ। यसै सन्दर्भमा सडक सुरक्षा नीतिको आवश्यकता देहाय बमोजिम रहेको छः-

१.२.१. सडक सुरक्षासँग सम्बन्धीत बिद्यमान समस्या र चुनौतीहरुको समाधान गर्न संविधान प्रदत्त, नागरिकको मौलिक हकको प्रत्याभूती हुने गरी यातायात क्षेत्रलाई  सुरक्षित, व्यबस्थित एवं अपाङ्गता भएका व्यक्ति लगायत सडक प्रयोगकर्ताको अनुकुल निर्माण गरी यातायात प्रणालीको व्यवस्था गर्न।

१.२.२. संघियताको कार्यान्वयनमा संघ, प्रदेश र स्थानीय तहको अधिकार बमोजिम सडक सुरक्षा सम्वन्धी सरोकारवाला निकायको संलग्नतामा नीतिगत, कानूनी र कार्यगत सहजता कायम गर्न।

१.२.३. अन्तरराष्ट्रिय तथा क्षेत्रीय असल अभ्यास अनुरुप सडक सुरक्षाका लागि नीतिगत तथा कार्यगत तादम्यता कायम गर्न।

१.२.४. सुरक्षित सडक यातायात मार्फत नेपाललाई सुरक्षित गन्तब्यको रुपमा स्थापित गर्न।

१.२.५. राष्ट्रिय सडक सुरक्षा परिषदको भूमिकालाई नीतिगत रुपमा थप प्रभावकारी बनाउन।

१.२.६. दिगो बिकास लक्ष्यको कार्यान्वयनमा सहयोग पुर्याउन।

१.२.७. विभिन्न अन्तर्राष्ट्रिय मञ्चहरुमा गरिएको प्रतिद्धता पालना गर्न।

## परिच्छेद २: नीति संरचना

### २.१. दूरदृष्टि

सडक दुर्घटनाबाट हुने मानविय मृत्यु र गम्भिर घाईतेको संख्या शुन्यमा पुर्‍याउने।

### २.२. लक्ष्य

सडक यातायातमा हुने दुर्घटनालाई न्यूनीकरण गरी त्यसबाट हुने मानव मृत्यु र गम्भीर घाईतेको संख्या सन् २०२१ को तुलनामा २०३० सम्ममा ५० प्रतिशतले घटाई २०५० सम्ममा शुन्यमा पुर्‍याउने।

### २.३. उद्देश्य

यस नीतिको उद्देश्यहरू देहाय बमोजिम रहेका छन्:-

२.३.१.  सडक सुरक्षा व्यवस्थापनका लागि तहगत सरकार तथा विभिन्न सरोकारवाला निकायहरु बीच समन्वय तथा सहकार्य सुनिश्चित गर्ने,

२.३.२. सडक सुरक्षा स्तम्भका प्रावधानहरुलाई कार्यान्वयन गरी सडक दुर्घटनाको न्यूनीकरण गर्ने,

२.३.३. सडक दुर्घटना पश्चातको उद्धार तथा पुनर्स्थापना कार्य प्रभावकारी बनाउने,

२.३.४. सडक सुरक्षा सम्बन्धी कार्यक्रमहरु एकीकृत तथा समन्वयात्मक  रुपमा सञ्चालन गर्ने,

२.३.५. सडक सुरक्षा सम्बन्धी कार्यको नियमन, अनुगमन, मूल्याङ्कन तथा सूचना व्यवस्थापनका लागि एकीकृत प्रणाली लागू गर्ने,

२.३.६. सडक सुरक्षा सम्बन्धी अध्ययन, अनुसन्धान र विकास कार्य गर्ने।

### २.४. रणनीति

यस नीतिको उद्देश्य प्राप्तिको लागि देहायको रणनीतिहरू अवलम्बन गरिनेछः-

२.४.१ सङ्घ, प्रदेश तथा स्थानीय तहमा सरोकारवाला निकायहरु रहने गरी सडक सुरक्षा व्यवस्थापनका लागि सँस्थागत संयन्त्र निर्माण गरिने छ। (उद्देश्य १)

२.४.२. तहगत संयन्त्रहरु बीच समन्वय, सहकार्य र जिम्मेवारीको बाँडफाँट गरिने छ। (उद्देश्य १)

२.४.३. सडक दुर्घटना न्यूनीकरण गर्न सडक सुरक्षाका सबै स्तम्भहरूका प्रावधानहरू कार्यान्वयन गरिनेछ। (उद्देश्य २)

२.४.४. सडक दुर्घटना पश्चातको उद्दार व्यवस्थापन, सडक दुर्घटनाबाट मृत्यू वा गम्भीर चोटपटक न्यूनीकरण लक्षित कार्यहरू गरिनेछ। (उद्देश्य ३)

२.४.५. उद्धारकर्ता सम्बन्धी अन्तर्राष्ट्रिय असल अभ्यासहरुलाई अबलम्बन गर्न कानूनी व्यवस्था गरिनेछ। (उद्देश्य ३)

२.४.६. सडक सुरक्षा सम्बन्धी कार्यक्रमहरु एकीकृत तथा समन्वयात्मक रुपमा सञ्चालन गरिनेछ। (उद्देश्य ४)

२.४.७. सडक सुरक्षा सम्बन्धी गतिविधिहरु सञ्चालनका लागि सडक सुरक्षा कोषको व्यवस्था गरिने छ। (उद्देश्य ४)

२.४.८. सडक सुरक्षा सम्बन्धी कार्यक्रमहरु नियमन, अनुगमन, मूल्याङ्कन तथा सूचना व्यवस्थापनका लागि एकीकृत प्रणाली लागू गरिनेछ। (उद्देश्य ५)

२.४.९ सडक सुरक्षा सम्बन्धी अध्ययन, अनुसन्धान र विकास गरिनेछ। (उद्देश्य ६)

## २.५. कार्य नीति

**<u>रणनीति</u> २.५.१.** सङ्घ, प्रदेश तथा स्थानीय तहमा सरोकारवाला निकायहरु रहने गरी सडक सुरक्षा व्यवस्थापनका लागि सँस्थागत संयन्त्र निर्माण गरिने छ।

**कार्य नीतिः**

१. सडक सुरक्षासँग सम्वन्धित सबै सरोकारवाला संघीय, प्रादेशिक तथा स्थानीय तह, शैक्षिक संस्था, गैह्रसरकारी संस्था, नागरिक समाज तथा अन्य निकायहरू मार्फत सडक सुरक्षा प्रणालीमा समावेश भएका आधारभूत सिद्धान्तहरु लागु हुने गरी व्यवस्थापन र कार्य सम्पादन गरिनेछ।

२. राष्ट्रिय सडक सुरक्षा परिषद स्थापना गरी सरोकारवाला निकाय, प्रदेश र स्थानीय सडक सुरक्षा समन्वय समितिहरूबीच जिम्मेवारी बाँडफाट, योजना तथा कार्यक्रम सञ्चालन र नियमित सूचनाको आदानप्रदानको व्यवस्थापन गरी सहकार्य र समन्वय सुनिश्चित गरिनेछ।

**रणनीति २.५.२.** तहगत संयन्त्रहरु बीच समन्वय, सहकार्य र जिम्मेवारीको बाँडफाँट गरिने छ।

**कार्य नीतिः**

१. सडक सुरक्षा सम्वन्धी तहगत संयन्त्रहरु निर्माण गर्दा केन्द्रमा राष्ट्रिय सडक सुरक्षा परिषद तथा प्रदेश सरकार तथा स्थानीय निकाय बीचमा क्रमशः प्रदेश सडक सुरक्षा समन्वय समिति तथा स्थानीय सडक सुरक्षा समन्वय समितिको क्रमशः गठन गरी समन्वय, सहकार्य र जिम्मेवारीको बाँडफाट गर्दै लगिनेछ।

२. सडक सुरक्षासँग सम्बन्धीत कानूनलाई आवश्यकता अनुसार संशोधन र एकीकरण गरी प्रदेश र स्थानीय सडक सुरक्षा समितिको गठनमा राष्ट्रिय सडक सुरक्षा परिषदको मार्गदर्शनलाई आधार बनाइनेछ।

**रणनीति २.५.३. सडक दुर्घटना न्यूनीकरण गर्न सडक सुरक्षाका सबै स्तम्भहरूका प्रावधानहरू कार्यान्वयन गरिनेछ।**

**कार्य नीतिः २.५.३.१. बहु-माध्यम यातायात तथा भू-उपयोग र सडक सुरक्षा व्यवस्थापन सम्वन्धी देहाय बमोजिम व्यवस्था गरिनेछः-**

१. सडक सुरक्षा प्रणाली (सेफ सिस्टम अप्रोच)मा आधारित स्तम्भहरू कार्यान्वयन गर्न राष्ट्रिय सडक सुरक्षा कार्ययोजना र लगानी योजना तयार गरिनेछ।

२. २.६.३.३.२. सडक सुरक्षासँग सम्बन्धीत बहु-माध्यम यातायात तथा भू-उपयोग योजना अवलम्वन गरिनेछ।

३. २.६.३.३.३. सडक सुरक्षा लगानी योजना अनुरुप बजेट व्यवस्थापन, कार्यन्वयन र समीक्षा गरिनेछ।

४. २.६.३.३.४. सुरक्षित सडक यातायात व्यवस्थापन गर्न नबिनतम प्रविधि प्रयोग गरी एकीकृत यातायात प्रणालीको प्रयोगलाई प्रोत्साहन गरिनेछ।

५. २.६.३.३.५. सबै सडक यातायात सम्वन्धी निकायहरूको सडक सुरक्षा नीति, नियम, कार्यविधि वा निर्देशिका र प्राविधिक प्रतिवेदनहरू राष्ट्रिय सडक सुरक्षा नीतिसँग सामन्जस्य हुने गरी निर्माण गरिनेछ।

**कार्य नीतिः २.५.३.२. सुरक्षित सडक सम्वन्धी देहाय बमोजिम व्यवस्था गरिनेछः-**

१. सडक पूर्वाधार योजना, डिजाइन, निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भारसँग सम्बन्धीत मापदण्ड, निर्देशिका सडक सुरक्षाको दृष्टिकोणले उपयुक्त हुने गरी परिमार्जन गरी अन्तर्राष्ट्रिय अभ्यासहरूलाई समेत समेटेर अद्यावधिक गरिनेछ।

२. सडक दुर्घटनाको जाँच अनुसन्धान सम्वन्धी नीतिगत ब्यबस्था गरी सडक सुरक्षा परिक्षण, उच्च दुर्घटनास्थल (हट स्पट) विश्लेषण, दुर्घटना जाँच, अनुसन्धान प्रतिवेदन कार्यान्वयन गरिनेछ।

३. सडक सम्बन्धी निकायहरुले सडकको प्राविधिक अवस्थालाई विचार गरी कुनै खास सडकका लागि कुनै खास सवारीलाई मात्र अनुमती प्रदान गर्ने गरी व्यवस्था मिलाईनेछ।

४. सडक निर्माणको क्रममा सडक परियोजनाका लागि तयार पारिएको कार्यस्थल सुरक्षा र व्यवसायिक स्वास्थ्य व्यवस्थापनको प्रभावकारीरुपमा कार्यान्वयन गरिनेछ।

५. सञ्चालन भइरहेका र नयाँ निर्माण हुने सडकमा फरक क्षमता भएका व्यक्तिका लागि सुरक्षित तथा पहुँचयोग्य बनाईने छ।

६. सडक सुरक्षा उद्देश्य प्राप्तिका लागि क्षमाशील सडक (फोरगिभिङ्ग रोड) पूर्वाधार निर्माण कार्यलाई प्राथमिकता दिईने छ।

**कार्य नीतिः २.५.३.४. सुरक्षित सवारी साधन सम्बन्धी देहाय बमोजिम व्यवस्था गरिनेछः-**

१. सवारी साधनहरुको मापदण्ड एवं विशेष प्रकृति तथा सेवाका सवारी साधन एम्बुलेन्स, सुरक्षा निकायका सवारी साधन, द्रुत प्रतिकार्य सवारी (र्यापिड रेस्पोन्स भेहिकल), दमकल, फोहोर बोक्ने गाडी, इन्धन ट्यांकर, ग्यास बुलेट ट्रक, एक्सकाभेटर, जोखिमयुक्त सामग्री वाहक सवारी साधनहरुका लागि सम्बन्धीत निकायले बिशेष सुरक्षा मापदण्ड निर्धारण गर्न सक्ने व्यवस्था मिलाईने छ।

२. सडक सुरक्षालाई नियमन गर्न सुरक्षित सवारी साधन निर्देशिकालाई समयानुकूल संशोधन गर्दै लगिनेछ।

३. सुरक्षित सवारी साधनको प्रवर्धन गर्न सवारी साधनमा मापदण्ड बमोजिम सुरक्षा उपकरणहरु प्रयोग गर्न प्रोत्साहन गरिनेछ।
४. सवारी साधनको सडक सक्षमता (रोड वोर्दीनेस) को परीक्षण तथा सवारी परिक्षणलाई सुधार गर्दै लगिनेछ।
५. सार्वजनिक सवारी साधनले ईजाजत पत्र प्राप्त प्रमाणीकरण गर्ने निकायबाट सवारी परिक्षण प्रमाणपत्र वार्षिक रुपमा प्राप्त गर्नु पर्ने व्यवस्थालाई प्रचलित कानूनी व्यवस्थासँग एकीकृत गरी कार्यन्वयन गरिनेछ।
६. प्रदेशमा आधुनिक उपकरण सहितका सवारी जांच गर्ने सुविधा सम्पन्न परिक्षण केन्द्रहरु स्थापना तथा विस्तार गरिनेछ।
७. सवारी साधनका उत्पादन, मर्मत तथा जडान कारखाना (वर्कशप) हरु तथा सवारी साधन जडान गरि तयार (एसेम्बल) गर्ने कारखानाले विश्वव्यापी तथा अन्तर्राष्ट्रिय मान्यता प्राप्त सुरक्षित सवारी मापदण्ड पालना गर्ने व्यवस्था मिलाइनेछ।

**कार्य नीतिः २.५.३.५. सुरक्षित सडक प्रयोगकर्ता सम्बन्धी देहाय बमोजिम व्यवस्था गरिनेछः-**

१. सरोकारवाला निकायहरूले सडक अनुशासन पालना गराउन सडक प्रयोगकर्ता सम्बन्धी आचारसंहिताहरु एकीकृत गरी कार्यान्वयन गरिनेछ।
२. चालक अनुमतिपत्र प्रणालीलाई व्यवसायिक सवारी चालक अनुमतिपत्रको व्यवस्था सहित समय सापेक्ष सुधार गर्दै लगिनेछ।
३. सवारी चालकहरूको व्यक्तिगत विवरण, सवारी साधनको प्रकार, स्वामित्व, चालकको व्यवहार र सवारी कसुरको तथ्याङ्क सुरक्षित अभिलेखमा राखी सबै अभिलेखलाई सम्बन्धीत निकायमा बिद्युतीय तथ्याङ्कको रूपमा संग्रह गरी सुरक्षित गरिनेछ।
४. सडक प्रयोगकर्ताको सचेतना, मनोवृत्ति, व्यवहारमा आधारित सर्वेक्षण र अध्ययन गरी सडक सुरक्षा कार्यक्रममा दुर्घटना तथा चोटपटक घटाउने उपायहरूलाई अवलम्बन गरिनेछ।
५. व्यवसायिक सवारी साधनमा यात्रु र चालक तथा अन्य कर्मचारीहरुको सुरक्षा नियम पालना भए नभएको अनुगमन गरिनेछ।
६. सडक सुरक्षा सचेतना अभियान सञ्चालन गर्न विद्यालय, विश्वविद्यालय, स्वयंसेवक, नागरिक समाज र गैर-सरकारी निकायलाई समेत परिचालन गरिनेछ।
७. सवारी चालक र सहचालकलाई सुरक्षित सवारी साधनका सम्वन्धमा सचेतनामूलक कार्यक्रम तथा सवारी साधनको पार्टपुर्जा सम्बन्धी जानकारी प्रदान गर्न व्यवस्था मिलाईनेछ।
८. सडक सुरक्षा पाठ्यक्रमलाई सबै शैक्षिक तहमा लागू गरिनेछ।

**कार्य नीतिः २.५.३.६. सुरक्षित सवारी गति सम्बन्धी सम्बन्धी देहाय बमोजिम व्यवस्था गरिनेछः-**

१. सवारी चालकले सडकको वर्गीकरण र सडकको अवस्था अनुरुप उपयुक्त र सुरक्षित गतिमा सवारी साधन चलाउनु पर्ने नियमनकारी ब्यबस्थालाई थप व्यवस्थित गरिनेछ।
२. गति सीमा अनुगमन र नियमन गर्न नविन प्रविधिको प्रयोग सहित मापदण्ड र निर्देशिका बनाइनेछ।

**<u>रणनीति २.५.४.</u>** सडक दुर्घटना पश्चातको उद्दार व्यवस्थापन, सडक दुर्घटनाबाट मृत्यू वा गम्भीर चोटपटक न्यूनीकरण लक्षित कार्यहरू गरिनेछ (उद्देश्य ४)

**कार्य नीतिः**

१. दुर्घटना पश्चातको उद्दार प्रक्रिया थप प्रभावकारी बनाउन सरोकारवाला निकायसँग समन्वय गरी एकिकृत निर्देशन केन्द्र (युनिफाईड कमाण्ड सेन्टर) स्थापना गरी सञ्चालन गरिनेछ।

२. दुर्घटना पश्चातको उद्दारकार्य क्षमता विकास गरी उद्धार प्रक्रियालाई सुधार गरिनेछ।

३. घाइतेको उद्धार र उपचारको लागि प्राथमिक उद्धारकर्ता तथा एम्बुलेन्स सेवालाई थप प्रभावकारी बनाईनेछ।

४. घाइतेको प्राथमिक तथा निश्चित उपचारको लागि स्वास्थ्य संस्थाहरुलाई थप प्रभावकारी रुपमा परिचानल गरिनेछ।

५. दीर्घकालीन पुनःस्थापना कार्यहरू कार्यान्वयन गर्न व्यवस्था मिलाईनेछ।

६. अग्नि नियन्त्रण, भेईकल एक्स्ट्रिकेसन तथा टोइङ्ग र उद्धार सेवाको स्तरोन्नति र प्रदेशस्तरमा स्थापना तथा सञ्चालन गरिनेछ।

७. सडक दुर्घटनाका घाइतेको उपचार व्यवस्था अनुगमन गर्ने प्रणालीको विकास र व्यवस्थापन गरिनेछ।

८. जोखिमयुक्त सडकमा स्वास्थ्य सेवा सुविधाको पूर्वाधार सुधार गरी दुर्घटनाका पीडितलाई समयमा उपचार सुनिश्चित गरिनेछ।

**<u>रणनीति २.५.५.</u>** उद्धारकर्ता सम्बन्धी अन्तर्राष्ट्रिय असल अभ्यासलाई अबलम्बन गर्न कानूनी व्यवस्था गरिनेछ। (उद्देश्य ३)

**कार्य नीतिः**

१. सडक दुर्घटनामा संलग्न स्वयंसेवक वा स्वेच्छिक उद्धारकर्ता (गुड समारिटन ल) को कानूनी व्यवस्था गरी लागू गरिनेछ।

२. स्वयंसेवक वा स्वेच्छिक उद्धारकर्ता सम्वन्धी कानून निर्माण गर्दा प्रचलित कानूनमा आवश्यकता अनुसार संसोधन र एकीकरण गर्दै लगिनेछ।

**<u>रणनीति २.५.६.</u>** सडक सुरक्षा सम्बन्धी कार्यक्रमहरु एकीकृत तथा समन्वयात्मक रुपमा सञ्चालन गरिनेछ। (उद्देश्य ४)

**कार्य नीतिः**

१. संघ, प्रदेश, स्थानीय निकाय अन्तर्गतका संघ सँस्थाहरुका सडक सुरक्षा सम्बन्धी परियोजना, कार्यक्रम र गतिविधिहरुलाई समन्वयात्मक रुपमा सञ्चालन गरिने छ।

२. राष्ट्रिय सडक सुरक्षा परिषद मार्फत सबै सरोकारवाला निकायहरूसँग समन्वय गरेर सडक सुरक्षा सम्वन्धी सूचनाको प्रचार र प्रसार, चेतनामुलक कार्यक्रम र परियोजना सञ्चालन गर्न प्रोत्साहित गरिनेछ।

३. तहगत सरकारहरुबाट सञ्चालन गरिने क्रियाकलापहरुमा दोहोरोपन र अन्तर (ग्याप) नरहने गरी कार्यान्वयन गरिने छ।

**<u>रणनीति २.५.७.</u>** सडक सुरक्षा सम्बन्धी गतिविधिहरु सञ्चालनका लागि सडक सुरक्षा कोषको व्यवस्था गरिने छ। (उद्देश्य ४)

**कार्य नीतिः**

१. राष्ट्रिय सडक सुरक्षा परिषदद्वारा सडक सुरक्षा सम्वन्धी कार्य गर्न सडक सुरक्षा कोषको व्यवस्था गरिने छ।

२. सडक सुरक्षामा संलग्न निकायहरुको सँस्थागत सुदृढीकरणको लागि प्राविधिक तथा आर्थिक सहायता उपलब्ध गराइनेछ।

३. राष्ट्रियस्तरमा सडक सुरक्षा योजना, दुर्घटनामा हानि-नोक्सानी र क्षतिपूर्ति व्यवस्थाका साथै गम्भीर घाइतेको पुनर्स्थापना र शारीरिक अशक्तको उपचारका लागि सडक सुरक्षा कोष तथा बिमा मार्फत कार्यान्वयन गर्ने व्यवस्थाको लागि पहल गरिनेछ।

४. सडक सुरक्षा सम्बन्धी अध्ययन, अनुसन्धान तथा विकास गर्न पर्याप्त स्रोत साधनको व्यवस्थापन गरिनेछ।

५. सडक दुर्घटना बिमाको व्यवस्थालाई समयानुकुल परिमार्जन गरिने छ।

**<u>रणनीति २.५.८</u>** सडक सुरक्षा सम्बन्धी कार्यक्रम नियमन, अनुगमन, मूल्याङ्कन तथा सूचना व्यवस्थापनका लागि एकीकृत प्रणाली लागू गरिनेछ। (उद्देश्य ५)

**कार्य नीतिः**

१. सुरक्षित सडक प्रणाली सुनिश्चित गर्न कार्यसम्पादन सूचक सहितको नियमन, अनुगमन र मूल्याङ्कन सम्वन्धी एकीकृत ढाँचाको विकास तथा कार्यन्वयन गरिनेछ।

२. सडक सुरक्षा सम्बन्धी परियोजनाको तर्जुमा र कार्यन्वयन गर्न कार्य सम्पादन सूचक सहितको समन्वय, अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था गरिनेछ।

३. सडक दुर्घटनासम्बन्धी तथ्याङ्कको सङ्कलन, विश्लेषण तथा जानकारी प्रदान गर्न राष्ट्रिय सडक दुर्घटना सूचना व्यवस्थापन प्रणाली (आरएआइएमएस) लाई प्रयोगमा ल्याई सडकको उच्च जोखिम भएका क्षेत्रको पहिचान र तिनीहरूको सुधारको प्रभावकारिताको मूल्याङ्कनका लागि समेत प्रयोग गरिनेछ।

४. एकीकृत सडक सुरक्षा सूचना व्यवस्थापन प्रणाली मार्फत तहगत सरकारहरु बीच आवश्यक सूचनाको व्यवस्थापन र वितरण गरिने छ।

**<u>रणनीति २.५.९.</u> सडक सुरक्षा सम्बन्धी अध्ययन, अनुसन्धान र विकास गरिनेछ। (उद्देश्य ६)**

**कार्य नीतिः**

१. सडक दुर्घटना सम्बन्धी लैङ्गिक, समावेशी र फरक क्षमता भएका व्यक्ति छुट्टिने गरी खण्डीकृत तथ्याङ्क सङ्कलन, विश्लेषण, भण्डारण, प्रसोधन र सम्प्रेषण गरिनेछ।

२. सडक दुर्घटना न्यूनीकरणका लागि अध्ययन तथा अनुसन्धान गरि जोखिम तथा क्षति कम गर्ने उपायहरूको अवलम्बन गरिनेछ।

३. सडक सुरक्षा सम्बन्धी विषयहरुमा नवप्रवर्तनात्मक प्रविधिहरू एवं अन्तर्राष्ट्रिय असल अभ्यासहरु समेतको अबलम्बन गरिनेछ।

## परिच्छेद ३ः नीति कार्यान्वयन

**३.१. संस्थागत व्यवस्था**

३.१.१. राष्ट्रियस्तरमा सडक सुरक्षा सम्बन्धी विषयको नियमन, अनुगमन र मुल्यांकन गर्न राष्ट्रिय सडक सुरक्षा परिषदको गठन गरिनेछ र यसको कार्यगत समन्वय भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले गर्नेछ।

३.१.२. राष्ट्रिय सडक सुरक्षा परिषद सञ्चालन गर्नका लागि आवश्यक जनशक्ति सहितको सचिवालयको व्यवस्था गरिनेछ।

३.१.३. संघ, प्रदेशका सम्बन्धीत मन्त्रालयहरुमा र स्थानीय तहहरुमा सडक सुरक्षा सम्बन्धी छुट्टै एकाई वा सम्पर्क विन्दु (फोकल पोइन्ट) को व्यवस्था गरिनेछ।

३.१.४. प्रदेशस्तरमा सुरक्षित सवारी परिक्षण सुनिश्चितताको लागि यन्त्र उपकरण सहितको संस्थागत व्यवस्था गरिनेछ।

३.१.५. सडक सुरक्षा सम्बन्धी प्रवर्धनात्मक कार्यक्रम गर्न तथा अध्ययन अनुसन्धानका लागि सेन्टर अफ एक्सलेन्सको व्यवस्था गरिनेछ।

३.१.६. सवारी चाप बढी भएको सडक वा राष्ट्रिय राजमार्गमा दुर्घटना पश्चातको उद्धार तथा उपचारको लागि आवश्यक संस्थागत व्यवस्था मिलाइनेछ।

**३.२. कानूनी व्यवस्था**

नेपाल सरकारले यस नीतिलाई कार्यान्वयन गर्न आवश्यक कानूनी व्यवस्था गर्नेछ। सडक सुरक्षा व्यवस्थापन र कार्यान्वयन सम्बन्धी आवश्यक ऐन, नियम, निर्देशिका, मार्गदर्शन र प्राविधिक प्रतिवेदनहरू बनाउँदा यस नीतिलाई आधारभुत दस्तावेजको रूपमा लिइनेछ।

३.३. अनुगमन र मूल्याङ्कन

यस नीतिको कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कनका लागि राष्ट्रिय सडक सुरक्षा परिषद मार्फत यस नीतिको सान्दर्भिकता, प्रभावकारिता एवं कार्यन्वयनको अवस्थाको सम्बन्धमा सरोकारवालाहरुको सहभागितामा आवधिक रूपमा अनुगमन तथा मुल्यांकन गराइनेछ र सो को प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था गरिनेछ।

३.४. जोखिम व्यवस्थापन

यस नीतिको कार्यान्वयनका क्रममा आउनसक्ने देहायबमोजिमका सम्भाव्य जोखिम तथा सो जोखिम न्यूनीकरणका लागि निम्नानुसारका उपायहरू अवलम्बन गरिनेछः-

३.४.१. संघ, प्रदेश र स्थानीय तहबीच प्रभावकारी समन्वय हुन नसक्ने जोखिम भएकोले यसको निराकरणको लागि समन्वय र सहकार्यलाई प्रभावकारी तुल्याउन आवश्यक संयन्त्रको व्यवस्था गरिनेछ।

३.४.२. सरकारी, गैरसरकारी र निजी क्षेत्रसंग प्रभावकारी समन्वय नभएमा समेत यस नीतिले लिएका नीतिगत व्यवस्थाहरू कार्यन्वयन हुन नसक्ने जोखिम रहन्छ। यस्तो जोखिम आउन नदिन तीन वटै क्षेत्रको संयुक्त प्रयासलाई प्रभावकारी बनाउन आवश्यक संयन्त्रको व्यवस्था गरिनेछ।

३.४.३. यस नीति कार्यान्वन गर्न पर्याप्त आर्थिक स्रोत तथा साधनको आवश्यकता हुने र यसका लागि पर्याप्त आन्तरिक लगानी स्रोत जुटाउनुका साथै वैदेशिक सहयोग तथा निजी क्षेत्रको लगानी समेत आकर्षण गरी परिचालन गरिनेछ।

३.४.४. यस नीति बमोजिमका कानूनी व्यवस्थाहरू समयमै तर्जुमा गराई कार्यन्वयनमा आउन नसक्नु नै जोखिम हुन सक्ने भएकोले यसका लागि समयमै आवश्यक कानूनी व्यवस्था गरिनेछ।

३.५ नीति कार्यन्वयन कार्ययोजना

यस नीतिको कार्यान्वयनका लागि संलग्न अनुसूची १ बमोजिमको नीति कार्यान्वयन कार्ययोजना तयार गरिएको छ। यो कार्ययोजना नीतिमा उल्लिखित रणनीति, कार्यनीति, उद्देश्य, र लक्ष्यहरूलाई कार्यान्वयनमा लैजाने सुनिश्चितताका लागि संरचित रूपमा तयार गरिएको छ। कार्ययोजनाले नीतिका प्रमुख पक्षहरूलाई समेट्दै अल्पकालीन, मध्यकालीन, र दीर्घकालीन समयसीमामा कार्यान्वयनको खाका प्रस्तुत गर्छ।

## अनुसूची-१
## नीति कार्यान्वयन कार्ययोजना

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| १. | राष्ट्रिय, प्रदेश तथा स्थानीय तहमा सडक सुरक्षा समन्वय समितिहरू गठन गरी जिम्मेवारीको बाँडफाँट र सूचनाको आदानप्रदान सुनिश्चित गर्ने | MoPIT, गृह मन्त्रालय | प्रदेश/स्थानीय सरकार, NRSC | २०८३ चैत्रसम्म | तहगत सडक सुरक्षा संयन्त्रको संस्थागत निर्माण र समन्वय प्रणालीको स्थापना |
| २. | सडक सुरक्षा सम्बन्धि विधेयक तर्जुमा गरी कार्यान्वयन गर्ने | MoPIT | NRSC, DoTM, DoR, संसद, MoLJPA | २०८४ असार सम्म | सडक सुरक्षा ऐन लागू हुने |
| ३. | सुरक्षित प्रणाली (Safe System Approach) अन्तर्गत राष्ट्रिय सडक सुरक्षा कार्ययोजना तथा लगानी योजना तयार गर्ने | MoPIT, NRSC | MoF, MoH, MoEST, MoHP DoR, DoTM | २०८२ चैत्रसम्म | कार्ययोजना तथा लगानी योजना तयार हुने |
| ४. | अन्तर्राष्ट्रिय अभ्यासका आधारमा सडक योजना, डिजाइन, निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मतसम्भारसँग सम्बन्धित मापदण्ड तथा निर्देशिका अद्यावधिक गर्ने | DoR, MoPIT | नेपाल इन्जिनियरिङ काउन्सिल, NRSC | २०८३ पुससम्म | सुरक्षित सडक पूर्वाधार मापदण्ड कार्यान्वयन |
| ५. | विशेष प्रयोजनका सवारी (एम्बुलेन्स, दमकल, इन्धन ट्यांकर आदि) का लागि विशेष सुरक्षा मापदण्ड निर्धारण गर्ने; सवारी एसेम्बली तथा वर्कशपहरुले अन्तर्राष्ट्रिय मापदण्ड पालना गर्न आवश्यक कानूनी व्यवस्था बनाउने; सवारी साधनको रोड वोर्दीनेस परीक्षणको निर्देशिका/कार्यविधि बनाउने | MoPIT, यातायात व्यवस्था विभाग | सम्बन्धित सेवा निकाय, सुरक्षा निकाय | २०८३ असारसम्म | सुरक्षित सवारीको मापदण्ड तयार, परिक्षण निर्देशिका बन्ने |
| ६. | सबै प्रदेशमा प्रविधियुक्त सवारी परीक्षण केन्द्र स्थापना र विस्तार गर्ने | MoPIT | DoTM | २०८३ पुससम्म | सबै प्रदेशहरुमा सवारी परीक्षण पहुँच सुनिश्चित |

| | | | | | |
|---|---|---|---|---|---|
| ७. | सडक प्रयोगकर्ता निर्देशिका तथा सडक अनुशासन पालनाका लागि आचारसंहिताहरू एकीकृत गरी लागू गर्ने | NRSC | DoTM, DoR, ट्राफिक प्रहरी | २०८२ चैत्रसम्म | सडक प्रयोगकर्ता एकीकृत निर्देशिका तयार हुने |
| ८. | व्यवसायिक सवारी चालक अनुमतिपत्रको कानूनी व्यवस्था तयार गरी लागू गर्ने | यातायात व्यवस्था विभाग | MoPIT, संसद, MoLJPA | २०८४ असारसम्म | व्यवसायिक चालकको दक्षता र नियमन सुदृढीकरण |
| ९. | सबै शैक्षिक तहमा सडक सुरक्षा पाठ्यक्रम लागू गर्ने | शिक्षा मन्त्रालय | MoPIT, विद्यालय, विश्वविद्यालय, स्थानीय तह | २०८४ चैत्रसम्म | सडक सुरक्षा पाठ्यक्रममा समावेश हुने |
| १०. | गति सीमा अनुगमन र नियमन गर्न नयाँ प्रविधि प्रयोग गरी मापदण्ड र निर्देशिका तयार गर्ने | MoPIT | DoTM, DOR, ट्राफिक प्रहरी | २०८३ असारसम्म | गति नियन्त्रण प्रविधि सशक्त र प्रभावकारी बनाउने |
| ११. | सरोकारवाला निकायहरूसँग समन्वय गरी एकीकृत उद्धार केन्द्र (युनिफाइड रेस्क्यू सेन्टर) स्थापना गरी सञ्चालन गर्ने | MoH | MoHP, स्थानीय सरकार, ट्राफिक प्रहरी | २०८४ असारसम्म | उद्धार प्रक्रियाको समन्वय र प्रभावकारिता वृद्धि |
| १२. | स्वयंसेवक/स्वेच्छिक उद्धारकर्ता (Good Samaritan) सम्बन्धी कानून निर्माणका लागि प्रचलित कानूनमा आवश्यक संशोधन र एकीकरण गर्ने | MoPIT | DoTM, संसद, MoLJPA | २०८४ असारसम्म | प्रभावकारी र समन्वित कानूनी संरचना विकास |
| १३. | राष्ट्रिय सडक सुरक्षा परिषद मार्फत संचालन हुने गरी  सडक सुरक्षा कोषको व्यवस्था गर्ने | NRSC | MoPIT, MoF | २०८४ असारसम्म | स्थायी रुपमा सडक सुरक्षा कोषको स्थापना र सञ्चालन |
| १४. | सडक सुरक्षा सम्बन्धी अध्ययन, अनुसन्धान र विकासका लागि Centre of Excellence स्थापना गर्ने | NRSC | शैक्षिक संस्था, अनुसन्धान केन्द्रहरू | निरन्तर | अनुसन्धान र नवप्रवर्तनमा प्रवर्धन |
| १५. | सडक दुर्घटना तथ्याङ्क सङ्कलन, विश्लेषण र जानकारीका लागि राष्ट्रिय सडक दुर्घटना सूचना व्यवस्थापन प्रणाली (RAIMS) लागू गर्ने | NRSC | MoPIT, DoTM, DoR, MoHP, ट्राफिक प्रहरी, | निरन्तर | सडक दुर्घटना सम्बन्धि तथ्यांकको एकीकृत अभिलेख तयार हुने |

नीति

- सडक दुर्घटनाबाट हुने मृत्यु र गम्भीर घाइते को संख्या उल्लेखनीय रुपले घाटाई राज्यले बेहोर्नु परेको आ र्थक तथा सामाजिक क्षतिमा कमी ल्याउने ।
- संघ, प्रदेश र स्थानीय तहमा सडक सुरक्षा समन्वय स मतिहरू गठन गरी जिम्मेवारीको बाँडफाँट र सूचनाको आदानप्रदान सुनिश्चित गर्न राष्ट्रिय सडक सुरक्षा परिषद् गठन र यसको स चवालय स्थापना तथा सुदृढीकरण गर्ने।
- सुर क्षत, मापदण्डयुक्त सवारी साधन र वा षर्क रोड वोर्दीनेस परीक्षण अनिवार्य गरि प्रदेशस्तरमा प्र व धयुक्त सवारी परीक्षण केन्द्र र उद्धार पूर्वाधारको व्यवस्था गर्ने।
- सडक सुरक्षा सम्बन्धी ऐन, नियम, निर्दे शका र प्रा व धक मापदण्ड अद्याव धक गरि "Good Samaritan" सम्बन्धि व्यवस्था सहितको कानूनी संरचना लागू गर्ने।
- वशेष प्रयोजनका सवारी साधनका ला ग वशेष सुरक्षा मापदण्ड निर्धारण गरि अन्तर्राष्ट्रिय अभ्यासअनुरूप सुर क्षत सडक पूर्वाधारको योजना, डजाइन, निर्माण र मर्मतसम्भार गराउने।
- आधुनिक प्र व ध प्रयोग गरी एकीकृत यातायात प्रणाली लागू गर्ने, चालक अनुमतिपत्र प्रणालीमा व्यवसायिक चालकको वशेष प्रावधानको व्यवस्था गर्ने।
- सडक प्रयोगकर्ताका ला ग आचारसंहिता र सचेतनामूलक अ भयान गरि वद्यालयदे ख वश्व वद्यालयसम्म सडक सुरक्षा पाठ्यक्रम लागू गर्ने
- सडक वर्गीकरण र अवस्थाअनुसार गति सीमा निर्धारण र प्र व धयुक्त अनुगम गर्ने
- एम्बुलेन्स, प्राथ मक उपचार र दीर्घकालीन पुनर्स्थापना प्रणाली सुदृढीकरण गर्न एकीकृत उद्धार केन्द्र (Unified Rescue Centre) स्थापना गरि जो खमयुक्त सडक क्षेत्रमा स्वास्थ्य सेवा पूर्वाधार सुधार गर्ने।
- सडक सुरक्षा कोष स्थापना र दीर्घकालीन सञ्चालनको व्यवस्था गर्न आन्तरिक तथा वैदे शक स्रोत परिचालन र निजी क्षेत्रको सहभा गता बढाउने व्यवस्था गर्ने।
- RAIMS मार्फत एकीकृत सडक दुर्घटना तथ्याङ्क प्रणाली थप व्यवस्थित गर्ने।
- लैङ् गक, समावेशी र फरक क्षमताका आधारमा खण्डीकृत तथ्याङ्क संकलन गरी सडक सूरक्षाको कार्यक्रम थप समाबेशी बनाउने।
- अनुसन्धान र नवप्रवर्तन प्रवर्द्धन गर्न "Centre of Excellence" स्थापना गरी सडक सूरक्षा सम्बन्धि अध्ययन अनुसन्धान गर्ने।